भुजुङ्ग हाइड्रोपावर लिमिटेड

टोखा न.पा.-१०, सामाखुशी, काठमाण्डौको

पाँचौं वार्षिक साधारण सभा (आ.व.२०८२/०८३) को विवरण (माइन्यूट)

१. सभाको सञ्चालन:

आज मिति २०८३ साल असोज महिना २२ गते विहीबारका दिन विहान ११:०० बजेका लागि बोलाइएको यस भुजुङ्ग हाइड्रोपावर लिमिटेडको, लिमिटेड भएपश्चातको पाँचौं र सर्वसाधारण शेयर निष्काशन भएपछिको दोश्रो साधारण सभा कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत प्रबन्ध पत्र तथा नियमावली बमोजिम साधारण सभाको अध्यक्षता श्री माधव राज आचार्यको सभापतित्वमा देहाय बमोजिम सभा सञ्चालन भयो ।

२. साधारण सभा भएको मिति, समय र स्थान:

२.१ मिति: २०८३ असोज २२ गते विहीवार (तदनुसार ०८ अक्टोवर, २०२६)

२.२ समय: विहान ११:०० बजे

२.३ स्थान: आम्रपाली बैंक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट प्रा.लि. बालुवाटार रोड, काठमाण्डौ।

३. सभा सम्वन्धी सुचना र प्रकाशन:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को कानूनी व्यवस्था बमोजिम प्रस्तुत वार्षिक साधारण सभामा छलफल गरिने विषय सहितको सूचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०५/३१ गते प्रथम पटक र मिति २०८३/०६/०२ गते दोश्रो पटक सूचना प्रकाशित गरि साधारण सभा सम्वन्धी सम्पूर्ण शेयरधनिहरुलाई जानकारि गराईएको थियो।साधारण सभा सम्वन्धि सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेबसाईट **https:bhujunghydro.com** मा पनि राखिएको थियो।

४. उपस्थिति:

४.१ सञ्चालकहरुको उपस्थिति:

सि.नं.	सञ्चालकहरुको नाम, थर	पद	उपस्थिति
१	श्री माधव राज आचार्य	अध्यक्ष	भएको
२	डा. हिमाल भट्टराई	प्रवन्ध सञ्चालक	भएको
३	श्री टंक पंसाद सुवेदी	सञ्चालक	भएको
४	श्री राजेश्वर दुवाल	सञ्चालक	भएको
५	श्री सन्तोष श्रेष्ठ	सञ्चालक	नभएको
६	श्रीमती जेलिना श्रेष्ठ	सञ्चालक	भएको
६	श्रीमती रिता गौतम	स्वतन्त्र सञ्चालक	भएको

४.२ अन्य पदाधिकारीहरु तथा कर्मचारीहरुको उपस्थिति:

१. श्री विवेक रावल — प्रमुख कार्यकारी अधिकृत

२. सि.ए. नारायण प्रसाद पौडेल — वित्तिय परामर्शदाता

३. श्री बिनम ज्ञवाली — कम्पनी सचिव
४. अधिवक्ता चक्र बहादुर थापा — कानूनी परामर्शदाता
५. श्री कमल बहादुर बोहरा — प्रशासकीय अधिकृत

४.३ विभिन्न निकायका प्रतिनिधिहरु:

१. श्री सबिन बुढाथोकी — कुमारी क्यापिटल लिमिटेड
२. श्री कृष्ण शर्मा — कम्पनी रजिष्ट्रार कार्यालयको प्रतिनिधि

५. अभिवादन तथा स्वागत मन्तव्यः

कम्पनीको पाँचौं वार्षिक साधारणसभा सञ्चालन गर्न कम्पनीको तर्फवाट श्री हरिकृष्ण दाहालज्यूलाई अख्तियारी दिई कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रम अघि बढाउने क्रममा यस कम्पनीका सञ्चालक, डा. हिमाल भट्टराईज्यूले यस साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सवै लाई स्वागत अभिवादन गर्दै कम्पनीको स्थापना कालदेखि हाल सम्म भएका कम्पनीको काम, कारवाही तथा कम्पनीको भावी योजनाका साथै कम्पनीको प्रगति, चुनौती र समाधानका उपायहरुका सम्बन्धमा छोटकरीमा प्रकाश पार्दै पाँचौं वार्षिक साधारण सभाको सफलताको लागि देखाउनु भएको अभिरुचि सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

६. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

विवरण	जम्मा शेयर संख्या	आफै उपस्थित संख्या (क)	प्रतिनिधी वा प्रोक्सी मार्फत उपस्थिती संख्या (ख)	जम्मा उपस्थिती संख्या क र ख	उपस्थित प्रतिशत
जम्मा शेयर प्रति शेयर रु.१०० का दरले	१,००,००,०००	२४,५०,०५५	२६,९१,४२९	५१,४१,४८४	५१.४१%
शेयरधनी संख्या	५६,८०५	१६५	३९६	५६१	

७. सभाको वैधानिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा रितपूर्वक सञ्चालन गरिने घोषणा गरियो। कम्पनीको सभा अध्यक्षज्यूको अनुमतिले सभाको प्रारम्भ गरियो। सभामा निर्णायार्थ प्रस्तुत गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन र बार्षिक आर्थिक विवरण लगायत छलफल तथा निर्णयार्थका लागि सूचनामा उल्लेखित एजेण्डाहरु उपस्थित सम्पूर्ण शेयरधनिहरु समक्ष वितरण गरिएको थियो। पाँचौं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री माधव राज आचार्यज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भयो। राष्ट्रियता र राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइ साधारण सभाको प्रारम्भ गरियो। पाँचौं वार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो।

८. सभामा प्रस्तुत छलफलका विषयहरु:

८.१ साधारण प्रस्तावहरुः

(क) आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(ख) लेखापरिक्षकको प्रतिवेदन सहित २०८३ अषाढ मसान्तको वासलात र मिति २०८२ श्रावण महिना देखि २०८३ असार मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगाएतका वित्तिय विवरणहरु माथि छलफल गरि पारित गर्ने सम्बन्धमा।

(ग) आर्थिक बर्ष २०८३/०८४ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(घ) आर्थिक बर्ष २०८२/०८३ मा सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा।

(ङ) विविध ।

८.२ विशेष प्रस्तावहरुः

(क) कम्पनीले अन्य कुनै कम्पनीमा लगानी गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

८.३ विविधः

(क) यस कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा।

९. <u>सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरुः</u>

कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको अनुमतीले कम्पनी सचिवद्धारा प्रस्तुत गरिने बार्षिक प्रतिवेदन र वार्षिक वित्तिय विवरणको प्रस्तुति पश्चात उक्त प्रतिवेदनका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनि महानुभावहरुलाई कम्पनी सचिव विनम ज्ञवालीद्धारा अनुरोध गरियो। निम्न शेयरधनिज्यूहरुले आ-आफ्नो जिज्ञासा, सुझावहरु तथा साधारण सभाको सफलता र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भयो।

(क)शेयरधनी ई. श्री वैजुनाथ रौनियारः

- वार्षिक साधारणसभा को अवसरमा कम्पनीको उत्तरोत्तर प्रगति, निरन्तर सफलता तथा उज्वल भविष्यको कामना गर्दै कम्पनीलाई शुभकामना व्यक्त गर्नुभयो।
- २०८२/०८३ मा हाइड्रोपावरले केही पनी लाभांश दिन नसकिने उल्लेख भएकोले आउँदो आ.व. मा केही लाभांश दिन अनुरोध गर्नुभयो।
- श्री अध्यक्षज्यूको मन्तव्यमा हाम्रो हाइड्रोपावरले लाभांश दिन नसकिने उल्लेख गर्नु भएकोले किन भने मेन्टिनेन्स खर्च गर्नु परेको र आयोजना पूर्ण क्यापीसीटिले नचल्नु हो अव हामिले आयोजनालाई पूर्ण क्यापासिटीमा चालु गरि रहेकोले घाटा भएको रकम पूरा गर्ने शर्त भैरहेको र अझै खुशिको कुरा के हो भने बैंकबाट लिएको ऋणको व्याज पनी छलफल गरि कम गर्न सकिएकोले आउँदो आ.व.मा केहि न केहि लाभांश दिन अनुरोध छ।
- Earning per share last year १०/८१ ऋणात्मक भएतापनी यो आ.व. मा २/७४ ऋणात्मक भएता पनी घटेको र आउँदो आ.व. मा Earning per share ऋणात्मक नहोस भनी अनुरोध गर्दछु।

- सामाजीक उत्तरदायित्व (C.S.R.)खर्च गरेको अध्ययन गर्दा स्थानियहरुलाई स्वास्थ्य सुधार, शिक्षा तथा सिचाइ कुलो, बाटोघाटो तर्फ खर्च गरेकोले यसबाट स्थानीयहरु खुशि नै रहने छन्। एसबाट आयोजनालाई पनी भविष्यमा फाइदा नै हुनेछ।
- Transmission Line 33kV बाट Grid मा जोड्न २८ कि.मी. लामो Transmission Line भएकोले पहिला केहि नोक्सान भएतापनी अब ठाँउ ठाँउमा कर्मचारिहरु नियुक्ति गरेकोले यसबाट कुनै Transmission Line मा फल्ट भएमा छिटो निराकरण गरि चालु गर्न सकिने उल्लेख भएकोले भविष्यमा शेयरधनीहरुलाई फाईदा हुनेछ।
- आ.व. २०८२/०८३ मा छलफल गरि सवीकृतिको लागी पेश भएको सामान्य प्रस्तावतर्फ ४ भएको र विशेष प्रस्तावतर्फ १ भएकोले पूर्ण समर्थन र लेखा परिक्षकको नियूक्ति गर्दा गत बर्षको भन्दा नवढ्ने गरिदिन अनुरोध छ।
- अन्तमा हाइड्रोपावरको उत्तरोत्तर प्रगतिको कामना गर्दै आउदो बडा दशैं, दिपावली तथा छट पर्वको शुभकामना व्यक्त गर्नुभयो।

(ख)शेयरधनी श्री युगल बस्याल

- वार्षिक साधारणसभा को अवसरमा कम्पनीको उत्तरोत्तर प्रगति, निरन्तर सफलता तथा उज्वल भविष्यको कामना गर्दै कम्पनीलाई शुभकामना व्यक्त गर्नुभयो।
- पहिलो त्रैमासिकमै वार्षिक साधारणसभा गर्न सक्नु भएकोमा धेरै धन्यवाद। सभा चौथो बार्षिक साधारणसभा सम्पन्न भएको ४ महिना बित्दा नबित्दै पाँचौ साधारणसभा आयोजना गर्न सक्नुभएकोमा झन धेरै धन्यवाद।
- विद्युत विक्रि आम्दानी आ.व. २०८१/०८२ मा भन्दा ४ करोडले बढेको छ, यो उत्साहप्रद कुरो हो।
- व्यवस्थापन खर्चमा पनी लगाम लगाइएको छ, त्यसैले गत बर्षभन्दा १७ लाख मात्र बढेको छ। यो पनी राम्रो कुरा हो।
- बैठक भत्ता शिर्षकमा ज्यादै न्यून रकम खर्च भएको छ। जम्मा १.८२ लाख खर्च हुनु मितव्ययिताको राम्रो उदाहरण हो भन्न सकिन्छ, यसको तारिफ गर्छु।
- ऋण रकम पनी १११ करोडबाट २२ करोड घटाएर ८० करोडमा झारिएको रहेछ, यो पनि सहाहनीय छ। ऋण घट्दै गएपछि व्याज खर्च पनि घट्छ र नाफा पनि बढ्छ।
- आयोजनाको फिचर कभर पृष्ठको बाहिरिमा एकचौथाई अंशमा राखौं।
- दैवि विपदाको जोखिम कति छन् उल्लेख गरदिन अनुरोध छ।
- एउटा जिज्ञासा प्रतिवेदनले उमारिदियो कन्ट्रयाक्ट इनर्जी भन्दा उत्पादित इनर्जी सधै कम किन भएको होला ?
- सञ्चित घाटा १० करोड रहेछ, वितेको आ.व. मा सञ्चित घाटा १० करोड र खुद घाटा २.४४ करोड रहेको छ। EPS पनि रु २.७४ ले ऋणात्मक छ, यस्तो अवस्थालाई हतार नभई पार लगाएर नाफामा पुर्याउने लक्ष्य कहिलेसम्ममा पुरा हुन्छ? कृपया जिज्ञासा मेटाइदिनुहोला?

सुझावहरु

१. आर्थिक विवरण वर्ड फाइल (Word File) मै छाप्ने गरौं यसरी देख्दा सुन्दर देखिन्छ पढ्न पनि सजिलो हुन्छ।
२. प्रतिवेदनमा ५ बर्षका सूचक राख्ने गरौं, र तिनलाई ग्राफ चार्ट देखाउने गरौं।
३. आर्थिक विवरणमा कमा/अल्पविराम नेपाली मानक अनुसार हजार, लाख, करोडमा राखौं मिलियन र विलियनमा नराखौं।
४. एजिएम (AGM) ;सकेसम्म अरुसँग नजुध्ने गरि राखौं आज यो बाहेक अन्य कम्पनिहरुको AGM छ। राख्ने परे पनि २ बजेपछि राखेको भए राम्रो हुन्थ्यो।

कम्पनीलाई धन्यवाद दिदै सबैको जय होस भन्दै मन्तव्य टुंग्याउनुभयो।

(ग) शेयरधनी श्री भेषराज भण्डारी:

- भुजुङ्ग हाइड्रोपावर लि को गरीमामय वार्षिक साधारणसभाका श्रदेय अध्यक्षज्यु, सञ्चालक समिति, शेयरसदस्य लगाएत सम्पूर्णमा नमस्कार।
- पाँचौं बार्षिक साधारणसभाको भव्य सफलताको कामना गर्दछु। यस वर्ष दशै तिहार जस्तो चाडवाड भन्दा अगावै साधारणसभा डाक्न कम्पनी सफल भएको छ। आगामी वर्ष पनि यसै गरि समयमै वार्षिक साधारणसभा डाक्ने परिपाटी बसाउन आग्रह गर्दछु।
- वार्षिक साधारण सभामा कुनै पनि लाभांश प्रस्ताव नगरिकन आयोजना भएकोमा भने दुःख लागेको छ। आगामी दिनमा विज्ञ टिमको मेहनतवाट शेयरधनी समक्ष आकर्षक लाभांश प्रस्ताव गर्ने वातावरण बनोस भन्ने शुभकामना दिन चाहन्छु।
- लाभांश प्रस्ताव नभएको समयमा आवश्यक खर्च नियन्त्रण गर्दै कम्पनीलाई प्रगति मयमा लैजानुहुन पनि आग्रह गर्दछु।
- बीमा गर्दा राम्रा छवि भएका र समयमै दावी भुक्तानी गर्ने कम्पनीमा मात्र गर्नु हुन विशेष अनुरोध गर्दछु।

कम्पनीलाई धन्यवाद दिदै मन्तव्य टुंग्याउनुभयो

(घ) शेयरधनी श्री जगन्नाथ आचार्य:

- आज मिति २०८३/०६/२२ गतेमा आयोजित ७.५ मे.वा. क्षमता रहेको यस भुजुङ्ग हाइड्रोपावर लि.को पाँचौं गरिमामय वार्षिक साधारण सभामा सर्वसाधारण शेयर धनीको हैसियतमा केहि विचारहरु व्यक्त गर्ने अवसर मिलेकोमा खुसी प्रकट गर्दछु।
- सर्वप्रथम हामि लगानीकर्ताले आशा राख्ने भनेकै आफ्नो लगानीको उचित प्रतिफल नै हो । यो कम्पनीवाट हामि शेयर धनीले कहिलेवाट लाभांश पाउन सकिएला? अध्यक्षज्यूबाट यो गरिमामय सभामा जानकारी दिनुहुन अनुरोध छ।
- प्रस्तुत वार्षिक प्रतिवेदनलाई सरसर्ती हेर्दा समिक्षा वर्ष २०८२/०८३ मा खुद नोक्सानी २४४९९३०८ रहेको र EPS गतवर्ष १०.८१ भएकोमा यो बर्ष २.७४ कायम भएको पाईन्छ। अन्य सूचाङ्कको विषयमा भने अध्यक्षज्यूको मन्तव्य र प्राप्त वार्षिक प्रतिवेदनमा विस्तृत रुपमा आएकोले थप व्याखा गरिरहन आवश्यक ठानिन।

- आजको वार्षिक साधारणसभामा प्रस्तावकको रुपमा ल्याईएको बुदाँ नं.३ मा उल्लेख भए अनुसार आ.व. २०८२/०८३ को लागी कम्पनी ऐन २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्नुपर्दा गत बर्षको लेखापरिक्षक शुल्कमा नबढ्ने गरि गर्दा राम्रो मानिन्छ। अन्य सुचाङ्कहरुको बारेमा मेरो पूर्ण सहमती रहेको व्यहोरा अनुरोध छ।

संस्थागत शुशासनः

जुनसुकै संस्थामा पनि शुशासन कायम भएको हुनुपर्दछ। हामिले संस्थागत शुशासनहरुलाई दिर्घकालिन सफलताको अभिङ्ग अंगको रुपमा लिनु पर्दछ। संस्थामा प्रवर्धक/सञ्चालक/व्यवस्थापक कर्मचारीहरुको बिचमा सुमधुर सम्बन्ध स्थापित भएको हुनुपर्दछ। समयमै वार्षिक प्रतिवेदन तयार गर्दै समयावधि भित्रै वार्षिक साधारणसभा सम्पन्न हुनु पर्दछ। ढिलाईको कामले दण्ड जरिवाना तिर्ने अवस्था आउन दिनु हुन्न, यसरी आवश्यक खर्चलाई जोगाउनु पनी आम्दानी नै हो भन्ने कुरालाई भुल्नु हुन्न भन्न चाहन्छु। त्यस्तै जुनसुकै संस्थालाई पनी कुन अवस्थामा पुर्याउने भन्नेमा कम्पनीको ठुलो भुमिका रहेको हुन्छ। उनिहरुलाई ठिक समयमा तलब सुविधा प्रदान गर्ने, समय सापेक्षको तालिम/गोष्ठी/प्रशिक्षण आदिमा सहभागी गराई हाम्रालाई होईन योग्य र राम्रालाई पुरष्कृत गर्न चुक्नु हुदैन। यदि चुकेको खण्डमा राम्रो कर्मचारि अन्यन्त्र जान सक्छन, जसबाट कम्पनीलाई घाटा लाग्न सक्छ भन्न चाहन्छु।

- आयोजनास्थलहरुमा समय-समयमा देखापर्ने Fixing Outage को समस्या समाधानको लागी दिर्घकालिन योजना तर्जुमा गर्नुपर्ने देख्दछु।
- हाल स्वदेश तथा विदेशमा विद्युतको माग बढिरहेको अवस्थामा कहिल्यै कच्चा पदार्थको अभाव नहुने प्रकृतिले सात दिएको खण्डमा यो क्षेत्र जतीको सूरक्षीत र नाफामूलक कम्पनी अरु कुनै नभएकोले बैंक ब्याज पनी धेरै तल्लो दरमा पुगेको मौकामा थप कर्जा लिएर भएपनी आयोजनामा लगानी गर्दा राम्रो प्रतिफल पाउन सकिन्छ भन्न चाहन्छु।
- आयोजना स्थलमा आवश्यक पर्ने Machine तथा Equipments आयात गर्दा शुरुमा भन्सार छुट पाईने त्यही मेशिन पहिरोमा बाढिले बगाएर एक्कासी बिग्रन गयो भने पुनः त्यहि मेशिन मगाउनु पर्दा भन्सारले छुट दिदैन, समयमै PPA हुदैन, बर्षायाममा उत्पादित NEA ले खरिद नगर्ने, NEA लाई बिक्रि गर्दा VAT नलाग्ने तर NEA ले अन्य ग्राहकहरलाई बिक्रि गर्दा VAT लगाउने जस्ता अनेकौ समस्याहरु सामाधानको लागी गत बर्षदेखि राख्दै आएकोमा हालसम्म समाधान तर्फ केहि बिचार समेत देखिएकोले स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल लाई घचघच्याउनु पर्ने देखिन्छ, आवश्यक परेको खण्डमा हामि शेयरधनीहरु पनि डेलिगेसनमा जान तयार हुनुपर्छ भन्न चाहन्छु।
- **सामाजिक उत्तरदायित्व (CSR):** मुनाफाको १% को अवधिमा रहि बिगतमा जुन योग्दान दिएको छ सोलाई निरन्तरता दिदै खर्च गर्ने मात्र नभई उक्त निकासा भएको रकम सहि ठाँउमा सहि तवरले प्रयोग भएको छ या छैन, नियमित अनुगमन गर्नु पर्ने आवश्यकता देखिन्छ।

Bhujung Hydropower

- आगामी वर्षमा आयोजना गरिने यस भुजुङ्ग हाइड्रोपावर लि.को छैटौ वार्षिक साधारण सभा यसै गरी दशैं अगाडि गर्न थोरै भएनी हात खाली नहुने गरि लाभांशको प्रस्ताव ल्याउन वर्तमान विज्ञ र अनुभवी संचालक समिति जस्को अध्यक्षता श्री माधव राज आचार्यज्यूले गर्नु भएको छ उहाँको सिङ्गो Team लाई नै सफलता मिलोस भन्दै हाम्रो दुखैमा आईरहेको हिन्दुहरुको महान चाड वडा दशैं, दिपावली, तथा छट पर्वको मंगलमय शुभकामना दिदै आज सञ्चालन भैरहेको यस भुजुङ्ग हाइड्रोपावर लि. को पाँचौं वार्षिक साधारणसभा शान्त र शौहार्द वातावरणमा सव्य अनी भव्य तरिकाले सु-सम्पन्न होश भन्ने कामना गर्दै विदा हुन्छु, धन्यवाद।

(ङ) शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ

- नमस्कार म शेयरधनी लक्ष्मण बहादुर श्रेष्ठ, यस भुजुङ्ग हाइड्रोपावर लिमिटेडको पाँचौं वार्षिक साधारणसभाका अध्यक्ष ग्रहण गर्नु भएका यस कम्पनीका सञ्चालक समितिका अध्यक्षज्यू, प्रबन्धकज्यू र कम्पनी सचिव विनम ज्ञवालीज्यू लगाएत सहभागि शेयरधनीहरुमा मेरो नमस्कार। समयलाई मध्यनजर गर्दै म यस वार्षिक साधारणसभामा लिखित मन्तव्य पेश गर्दछु।
  कम्पनीले वार्षिक साधारणसभा समयमै गर्नु भएकोमा सञ्चालक र व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । आगामी वार्षिक साधारणसभा प्रथम त्रैमासिक भित्र गर्न आग्रह गर्दछु। कम्पनीले आ.व. २०८२/०८३ मा शेयरधनीहरुलाई लाभांश दिन नसकेपनी आगामी आर्थिक बर्षमा लाभाश दिनेमा म आशावादी छु। कम्पनीमा अविरल वर्षातले के कस्तो प्रभाव पारेको छ? सभामा जानकारी दिनहुन अनुरोध छ।
  आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन कार्यरत कर्मचारीहरुप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै ऐजेण्डाहरुमा मेरो पूर्ण समर्थन जनाउदै यो वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

१०. <u>सभाको छलफलबाट पारित निर्णयहरु:</u>

(क) साधारण प्रस्तावहरु:

१. कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षको अनुमतिले कम्पनी सचिवज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन सभामा पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो।

२. आ.व. २०८२/०८३ को लेखापरिक्षकको वार्षिक प्रतिवेदन र सोहि आ.व. को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको संलग्न अनुसूची सहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गरियोस् भनि सभामा पेश हुँदा सर्वसम्मतिले पारित भयो।

३. कम्पनीको आ.व. २०८३/०८४ को लेखापरिक्षण गर्नको लागि कम्पनीको लेखापरिक्षण समितिबाट ३ (तिन) जनाको नाम सिफारिस भएकोमा सबैभन्दा कम पारिश्रमिक पेश गर्ने र अनुभवि सि.ए. S. Bhandari & Associates, का सि.ए. श्री सागर भण्डारीलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वार्षिक कर बाहेक रु. ३,००,०००/-(अक्षरुपी तिन लाख मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो।

Bhujung Hydropower

४. आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारवाहिहरु अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीको हितलाई मध्यनजर गरी गरिएको सम्पुर्ण कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

५. विवधः विविधमा कुनै प्रस्ताव नभएको हुँदा निर्णय गर्नु परेन।

(ख) विशेष प्रस्तावहरुः

(१) कम्पनीले अन्य कुनै कम्पनीमा लगानी गर्नका लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीले अन्य कम्पनीमा लगानी गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी निर्णय गरियो। साथै विषेश प्रस्तावमा उल्लेख भएको कम्पनीको प्रबन्धपत्र नियमावलीमा आवश्यक संशोधन गर्ने विषयमा हाललाई संशोधन गर्न आवश्यक नभएको भनि सभाबाट निर्णय पारित गरियो।

(ग) विविधः

(१) यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न कम्पनी सचिव बिनम ज्ञवाली र अध्यक्ष श्री माधव राज आचार्यज्यूलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मत रुपमा पारित गरियो।

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

छलफलका निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि अध्यक्षज्यूले कम्पनीको लक्ष्य प्राप्तिको लागि सञ्चालक समिति सधै प्रयत्नशिल रहेको र शेयरधनी महानुभावहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै पाँचौं वार्षिक साधारण सभामा सहभागि हुनु भई सभा सुचारु रुपले सञ्चालन गर्न सहयोग गर्नुभएकोमा उपस्थित शेयरधनी महानुभावहरु तथा कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

(श्री बिनम ज्ञवाली)
कम्पनी सचिव

(श्री माधव राज आचार्य)
अध्यक्ष